# स्वास्थ्य प्रणाली पथप्रदर्शकहरू (Health System Navigators)

# तपाईंको स्वास्थ्य सेवामा सहयोग

phn MURRAY
An Australian Government Initiative

## स्वास्थ्य प्रणाली पथप्रदर्शक (Health System Navigator) के हो?

पथप्रदर्शक (नेभिगेटर) तपाईंलाई आवश्यक स्वास्थ्य सेवाहरू पहुँच गर्न मद्दत गर्ने व्यक्ति हुन् । तिनीहरूले तपाईंलाई आवश्यक पर्ने हेरचाह तपाईंको संस्कृतिको सम्मानका प्राप्त गर्न सहज बनाउँदै तपाईंलाई स्वास्थ्य सेवा प्राप्तगर्ने क्रममा आउने अवरोधहरू पारगर्न मद्दत गर्छन्।

पथप्रदर्शकहरू सामान्यतया आप्रवासी वा शरणार्थी पृष्ठभूमिका हुन्छन्, र कोही अन्य भाषाहरू बोल्छन् । यो सेवा नि:शुल्क छ र Murray PHN द्वारा वित्त पोषित छ ।

## यो कसरी सञ्चालन हुन्छ?

**सेवामा जोडिनुहोस्:** सेवाको माग तपाई आफैंले गर्न सक्नुहुन्छ वा तपाईंको स्वास्थ्य सेवा प्रदायक, डाक्टर, स्थानीय संगठन वा तपाईंले चिनेको व्यक्तिले तपाईंलाई सिफारिस गर्न सक्नुहुन्छ ।

**पथप्रदर्शकलाई (नेभिगेटरलाई) भेट्नुहोस्:** नेभिगेटरले तपाईंलाई पायकपर्ने ठाउँमा भेट्न सक्छ । तिनीहरूले तपाईंको स्वास्थ्य आवश्यकताहरू बुझ्नको लागि तपाईंलाई प्रश्नहरू सोध्नेछन् ।

**सहायता प्राप्त गर्नुहोस्:** पथप्रदर्शकले (नेभिगेटरले) तपाईंलाई स्वास्थ्य सेवाहरू फेला पार्न, फारमहरू भर्न, चिकित्सकीय भेट तय गर्न र तपाईंलाई स्वास्थ्य जानकारी दिन मद्दत गर्ने प्रयास गर्नेछ ।

*नोट: नेभिगेटरहरू डाक्टर होइनन् । तिनीहरूले चिकित्सा सल्लाह वा उपचार प्रदान गर्दैनन् । तिनीहरूले तपाईंलाई सही सेवाहरू र सहायता खोज्न मद्दत गर्छन् तर स्वास्थ्य अवस्थाहरूको उपचार गर्दैनन् ।*

## नेभिगेटरले के मद्दत प्रदान गर्नसक्छ?

नेभिगेटरले:

- तपाईंलाई तपाईंको आवश्यकताहरू पूरा गर्ने स्वास्थ्य सेवाहरूसँग जोडिदिनसक्छ
- तपाईंलाई चिकित्सकीय भेट तय गर्न मद्दत गर्न र त्यसमा उपस्थित हुनसक्छ
- फारामहरू भर्न सहयोग गर्नसक्छ
- अनुवादित स्वास्थ्य जानकारी प्रदान गर्नसक्छ
- तपाईंलाई अन्य सेवाहरूसँग जोडिदिनसक्छ
- तपाईंको स्वास्थ्य र हेरचाहको पहुँचलाई असर गर्ने दैनिक आवश्यकताहरूमा तपाईंलाई मद्दत गर्नसक्छ

## नेभिगेटरलाई कसले सम्पर्क गर्नसक्छ?

यदि तपाई शरणार्थी, शरण खोज्ने, वा अन्य आप्रवासी जस्ता बहुसांस्कृतिक समुदायबाट हुनुहुन्छ र निम्न कुनै पनि चुनौतीहरूको सामना गर्नुहुन्छ भने तपाईं नेभिगेटरलाई सम्पर्क गर्नसक्नुहुन्छ:

- भाषिक, सांस्कृतिक वा अन्य अवरोधहरूका कारण स्वास्थ्य सेवा पहुँच गर्न गाह्रो भएको छ
- जटिल वा निरन्तर स्वास्थ्य आवश्यकताहरू छन्
- न्यून अंग्रेजी भाषा छ
- अष्ट्रेलियामा नयाँ हुनुहुन्छ
- ग्रामीण क्षेत्रमा बस्नुहुन्छ



## तपाईंको क्षेत्रमा उपलब्ध स्वास्थ्य प्रणाली नेभिगेटर सेवाहरू

| | |
|---|---|
| बेन्डिगो (Bendigo) | **Bendigo सामुदायिक स्वास्थ्य सेवा**<br>171 Hargreaves Street, Bendigo VIC<br>फोन: 03 5406 1200<br>इमेल: bchs@bchs.com.au |
| शेपार्टन (Shepparton) | **Primary Care Connect**<br>399 Wyndham Street, Shepparton VIC<br>फोन: 03 5823 3200<br>इमेल: intake@primarycareconnect.com.au |
| रोबिनभेल (Robinvale) | **Robinvale डिस्ट्रिक्ट स्वास्थ्य सेवाहरू**<br>128 Latje Road, Robinvale VIC<br>फोन: 03 5051 8160<br>इमेल: primarycare@rdhs.com.au |

थप विवरणहरूको लागि यहाँ जानुहोस्: murrayphn.org.au/community/multicultural-health/

## महत्त्वपूर्ण जानकारी

- यदि तपाई पथप्रदर्शक (नेभिगेटर) लाई भेट्न चाहनुहुन्छ भने यो तपाईंको छनौट हो ।
- नेभिगेटरलाई भेट्न कुनै शुल्क लाग्दैन ।

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने Murray PHN लाई इमेल गर्नुहोस्: multicultural@murrayphn.org.au

## के तपाईंलाई दोभाषे चाहिन्छ?

यदि तपाईंलाई दोभाषे चाहिन्छ भने कृपया सेवा प्रदायकलाई भन्नुहोस् ।

**131 450** (अनुवाद र दोभाषे सेवा) मा फोन गर्नुहोस् र दोभाषे माग्नुहोस् ।

